नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर
**समन्वय तथा प्रकाशन शाखा**

प.सं.: ०७१ ७२
च.नं.:

मिति : २०७६/११/०६

**ध्यानाकर्षण**

पाठ्यक्रम विकास केन्द्र विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्ने आधिकारिक निकाय हो । यसले प्रचलित ऐन, कानुनअनुसार पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी कार्यान्वयनमा लैजाने गर्छ । यसै क्रममा शैक्षिक वर्ष २०७७ मा कक्षा १ र कक्षा ११ मा नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनमा आउने छन् । पाठ्यक्रम विकास तथा परिमार्जनका सन्दर्भमा हालै हिमालय टाइम्स (नेपाली) र केही अनलाइन पत्रिकामार्फत् कक्षा ९ र १० मा गणित (अतिरिक्त) विषय हटाइएको भनी भ्रम सिर्जना गर्न खोजिएकामा केन्द्रको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त विषय गत वर्ष नै परिमार्जन भई विद्यालयमा पठनपाठन भइरहेको तथा शैक्षिक वर्ष २०७७ मा केही विषयवस्तु परिवर्तन हुने पाठ्यक्रमको जानकारी केन्द्रको वेबसाइटमार्फत् सार्वजनिक गरिएको व्यहोरा सम्बद्ध सबैका लागि अनुरोध छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकका बारेमा समाचार तथा सूचना प्रवाह गर्ने मिडियाले केन्द्रको वेबसाइट www.moecdc.gov.np मार्फत् जानकारी लिन वा फोन नं. ०१६६३४९१६ मा सोझै सम्पर्क गर्न तथा भ्रामक समाचार सम्प्रेषण नगर्न, नगराउन अनुरोध गरिएको छ ।

२०७६/११/६

गणेशप्रसाद भट्टराई
सूचना अधिकारी